आज मिति २०८०/०८/२० गते सोमवारका दिन यस जिरी नगरकार्यपालिकाको ९४ औं वैठक नगर प्रमुख श्री मित्र बहादुर जिरेलज्यूको अध्यक्षतमा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्न विषयहरुमा छलफल गरी देहाय बमोजिमको निम्न निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | मित्र बहादुर जिरेल | नगर-प्रमुख | |
| २ | कृष्णमाया वुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | आङ पासाङ शेर्पा | वडा अध्यक्ष १ नं. वडा | |
| ४ | डिमपल्दे शेर्पा | वडा अध्यक्ष २ नं. वडा | |
| ५ | खेटराज घिमिरे | वडा अध्यक्ष ३ नं. वडा | |
| ६ | पदेमान जिरेल | वडा अध्यक्ष ४ नं. वडा | |
| ७ | नर बहादुर जिरेल | वडा अध्यक्ष ५ नं. वडा | |
| ८ | मरिज बहादुर खड्का | वडा अध्यक्ष ६ नं. वडा | |
| ९ | शान्त नेपाली | वडा अध्यक्ष ७ नं. वडा | |
| १० | कृष्ण कुमार खत्री | वडा अध्यक्ष ८ नं. वडा | |
| ११ | ज्ञानु पाखीन | वडा अध्यक्ष ९ नं. वडा | |
| १२ | डिमुलु शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १३ | शान्ती कार्की | नगरकार्यपालिका सदस्य | |
| १४ | रोम कुमारी समाल जिरेल | नगरकार्यपालिका सदस्य | |
| १५ | कल्पना जिरेल | नगरकार्यपालिका सदस्य | |
| १६ | सुसा जिरेल | नगरकार्यपालिका सदस्य | |
| १७ | विर बहादुर जिरेल | नगरकार्यपालिका सदस्य | |
| १८ | साङ्गे शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १९ | पुरुषोत्तम सापकोटा | सदस्य सचिव | |

अन्य उपस्थिति

१. महेन्द्र प्रताप अधिकारी

२. मान बहादुर जिरेल - प्रशासन शाखा

३. विमल कुमार दहाल - योजना शाखा

**निर्णय नं. ४** देहाय बमोजिमको स्वास्थ्य संस्थाको लागि देहाय बमोजिमको स्वस्थ्य कर्मी सेवा करारमा पदपूर्ति गर्न प्रक्रिया अधि बढाउने निर्णय गरियो ।

१. सुनट्याक आधारभूत स्वास्थ्य केन्द्र अ.न.मी.- १(एक)

२. माली स्वास्थ्यचौकी अ.हे.व. - १(एक)

३. श्यामा स्वास्थ्यचौकी अ.हे.व.- १(एक)

**निर्णय नं. ५** यस नगरपालिकाको तेह्रौ नगरसभा यहि मिति २०८०/०९/२१ गते आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** यस जिरी नगरपालिकाबाट करार सेवामा पदपूर्तिको लागि विज्ञापन भएका पदहरुको छनौटको लागि देहाय बमोजिम विज्ञ सदस्यको सूचीकृत गर्ने निर्णय गरियो ।

१. इन्जिनियर (सिभिल) - श्री सन्तोष निरौला-प्रमुख (शहरी विकास तथा भवन कार्यालय, धुलिखेल)

२. अ.न.मी. - श्री रुक्सना वेगम- अस्पताल नर्सिङ निरीक्षक, जिरी अस्पताल

३. अमिन - श्री सृजना कटुवाल-प्रमुख (नापी कार्यालय, दोलखा)

**निर्णय नं. ७** भारतीय दुतावासबाट गुरु छोक छेट्युलिङ्ग गुम्बालाई सहयोग स्वरुप प्राप्त भएको एम्बुलेन्स यस नगरपालिका अन्तर्गत माली स्वस्थ्याचौकीलाई हस्तान्तरण गरेको हुदाँ उक्त एम्बुलेन्स माली स्वास्थ्य चौकीको नाममा सवारी (एम्बुलेन्स) दर्ता गरी संचालन गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** आ.व.२०८०/०८१ को स्वीकृत योजना अन्तर्गत विद्यालय घेरावार अन्तर्गत विनियोजित रु. ७ (सात) लाख मध्ये देहाय बमोजिम विद्यालयहरुको लागि देहाय बमोजिम रकम विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. ठूलोपातल मा.वि.घेरावार निर्माण रु. ४,००,०००।-(चार लाख)

२. धनमाले आ.वि.विद्यालय मर्मत रु. १,००,०००।- (एक लाख)

३. बौद्ध भुवनेश्वरी मा.वि.विद्यालय मर्मत रु. २,००,०००।-(दुई लाख)

**निर्णय नं. ९** यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्न श्री गर्जाङढुङ्ग मा.वि.,श्री बौद्ध भुवनेश्वरी मा.वि.,श्री ढुङ्गेश्वरी मा.वि., श्री जिरी मा.वि., श्री ठूलोपातल मा.वि.र कालिका मा.वि. गरी जम्मा ६ वटा सामुदायि माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुको सिकाई मूल्यांङ्कन सर्वेक्षण कार्यक्रम संचालन गर्न चालु आ.व.२०८०/०८१ सेवा र परामर्श खर्च शीर्षकमा विनियोजित वजेटबाट व्यहोर्ने गरी कार्य अघि वढाउने निर्णय गरियो ।

**निर्णय नं. १०** यस नगरपालकिाको खेलकुद परिषद ऐन, २०७९ संशोधन गर्न नगरपालिकामा विद्यायन समिति र सामाजिक विकास समितिका संयोजक समेतको सहभागितामा संशोधन मस्यौदा तयार गरी पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ११** यस नगरपालिकाको देहायका व्यक्तिहरुलाई स्वास्थ्य उपचारको लागि सामाजिक सहायता शीर्षकबाट उपचार सहुलियत सहायता उपलव्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | नाम थर | ना.प्र.नं. | ठेगाना | रकम |
|---|---|---|---|---|
| १ | शान्त बहादुर खत्री | (ना.प्र.नं.२५०४४) | जि.न.पा.२, दोलखा | १०,०००।- |
| २ | रमेश कुमार नेपाली | ना.प्र.नं.२२१०४४-१५२) | जि.न.पा.९, दोलखा | १०,०००।- |
| ३ | सोममे शेर्पा | १२४१-६८४, दोलखा | जि.न.पा४, दोलखा | १०,०००।- |
| ४ | दावा शेर्पा | | जि.न.पा.२, दोलखा | १०,०००।- |
| ५ | अभिसेक सुनुवार | २२-०१-७८-०५५८६ | जि.न.पा.८, दोलखा | १०,०००।- |
| ६ | माङनुर्वु शेर्पा | १८८५/७३०, दोलखा | जि.न.पा.५, दोलखा | १०,०००।- |

**निर्णय नं. १२** हालै गएको भूकम्पबाट जाजरकोट र पश्चिम रुकुम जिल्लामा ठूलो क्षती पुगेको हुदाँ जिल्ला समन्वय समिति दोलखाको अनुरोध बमोजिम विपद् व्यवस्थापन शीर्षकबाट रु. ३,००,०००।- अक्षेरेपी तीन लाख) रहात रकम उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३** यस नगरपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत योजना तर्फ उपभोक्ता समितिबाट कार्यान्वयन हुने गरी कार्यान्वयन गर्न सम्झौता भएका योजनामा सम्वन्धित योजनाको लागत अनुमान र प्राविधिकको सिफारिस बमोजिम हेभी ईक्यूमेन्ट(डोजर) प्रयोग गर्ने गरी अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १४** चा.लु. आ.व.२०८०/०८१ को स्वीकृत योजना अन्तर्गत हाटडाँडा माथिल्लो सिक्री योजना अन्तर्गत जिरी धनमाले क्षेत्रको लागत अनुमान बमोजिम र वडा नं. ७ को नेपाने आहाले सुनट्याक सडक सतरोन्नती योजना लागत अनुमान बमोजिम कालडाँडा पानी छिर्ने तथा किटी खासा सडक योजनामा लागत अनुमान र प्राविधिकको सिफारिस बमोजिम नयाँ ट्रयाक खोल्न सहमती दिने निर्णय गरियो ।

**निर्णय नं. १५** स्वास्थ्य चौकीमा दरवन्दी रही स्वास्थ्यचौकीको कामको अतिरिक्त सम्वन्धित वडको वडा सचिवको समेत कामकाज गर्दै आउनु भएका स्वास्थ्यचौकीका कर्मचारीलाई २ वटा वडा हेर्ने वडा सचिवले पाएकै सरह थप सुविधा रु. ३ हजार उपलव्ध गराउने निर्णय गरियो ।